म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ३ | मंगलबार १७ साउन २०७९ | ने. सं. ११४२ गुँलाथ्व | 2 August, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## भन्सार छली ल्याइएको अबैध कपडा प्रहरी नियन्त्रणमा



हेटौंडा, १६ साउन/ मकवानपुर प्रहरीले भन्सार छली ल्याएको अबैध कपडा नियन्त्रणमा लिएको छ ।

प्रहरी चौकी रातोमाटे र जिल्लाप्रहरी कार्यालय मकवानपुरबाट खटिएको प्रहरी टोलीले भन्सार छली ल्याएको अबैध कपडा नियन्त्रणमा लिएको जनाएको हो । बिरगंजबाट हेटौंडातर्फ आउँदै गरेको बा ५ ख २४६८ नम्बरको यात्रुबाहकबसलाई रोकी सुरक्षाजाँचगर्नेक्रममा अबैध कपडा फेलापारेको मकवानपुर प्रहरीले जनाएको छ । बसको डिकी र छतमा गरी ७बोरामा विभिन्न प्रकारको कुर्ता सुरुवाल ५८ पिस, साडी २९३ पिस, र सेन्डो गन्जी ३०० पिस फेलापारी नियन्त्रणमा लिएको जिल्लाप्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

# हेटौंडामा रुट परमिट नभएका अटोलाई सञ्चालनमा रोक

साझाकुरा संवाददाता

हेटौंडा, १६ साउन/ अव्यवस्थित पार्किङले अस्तव्यस्त बनेको हेटौंडा उपमहानगरपालिकाले अटो, मयुरीलगायत तीन पांग्रे सवारी सञ्चालनमा कडा नीति लिएको छ ।

हेटौंडा बजारमा देखिएको सवारीसाधनको चापको व्यवस्थापन गर्न हेटौंडा उपमहानगरपालिकाले पहिलो चरणमा तीन पांग्रे सवारीसाधनलाई व्यवस्थित गर्ने भएको हो । तीन पांग्रेअन्तर्गत् हेटौंडामा अटो, मयुरी छ्यापछ्याप्ती छन् । उपमहानगर पालिकाको सोमबार बसेको कार्यपालिका बैठकले तीन पांग्रेस सवारी सञ्चालनका सम्बन्धमा नयाँ निर्णय गरेको छ ।

उक्त निर्णयको प्रमुख उद्देश्य हेटौंडाको सडक क्षमता भन्दा बढी सञ्चालनमा रहेका अटो र मयुरी नियन्त्रण गर्नु हो । उपमहानगरले आफ्नो क्षेत्रभित्र सञ्चालन अनुमति प्राप्त तीन पांग्रे सवारीसाधनलाई मात्र सञ्चालन अनुमतिसहितको स्टिकर प्रदान गर्न लागेको हो ।

नगरका प्रवक्ता तथा हेटौंडा-१ का वडा अध्यक्ष सविन न्यौपानेका अनुसार स्टिकर हरियो हुन्छ । उक्त हरियो स्टिकर हेटौंडा उपमहानगरभित्र सञ्चालन अनुमति पाएका अटो र मयुरीमा टाँ गरिने छ । हरियो स्टिकर भएका अटोमात्रै अब नगरका मुख्यदेखि भित्री सडकमा सञ्चालन हुन पाउने छन् ।

नगरभित्र सञ्चालन अनुमति नलिएका अटो तथा मयुरीहरु अब मुख्य सडकमा आउन नपाउने भएका छन् । हेटौंडाभित्र हाल असीमित संख्यामा अटो र मयुरी सञ्चालनमा छन् । इलेक्ट्रिक मयुरी भन्दापनि पेट्रोलबाट चल्ने तीन पांग्रे अटो धेरै छन् । तर, सरकारीदेखि कुनै निकायसँग पनि नगरभित्र हाल सञ्चालनमा रहेका अटो र मयुरीको यनिक तथ्यांक छैन् ।

यसर्थ, नगरमा सडक क्षमता भन्दापनि बढी अटो र मयुरी सञ्चालन भइरहँदा यहाँका सडकमा दुर्घटनाको जोखिमसँगै पार्किङ व्यवस्थापनमा चुनौती भइरहेको छ । उपमहानगरको सोमबार बसेको कार्यपालिका बैठकले उपमहानगरभित्र सञ्चालनको लागि परमिट प्राप्त तीन पांग्रे सवारी साधनलाई नगरभित्र सञ्चालन अनुमतिको स्टिकर प्रदान गर्ने निर्णय भएको प्रवक्ता न्यौपानेले जानकारी दिए । उनका अनुसार गत असार ३२ गते उपमेयर राजेश बानियाँको अध्यक्षतामा बसेको पार्किङ व्यवस्थापन समितिको बैठकबाट गठित दुई उपसमितिले यातायात व्यवसायी, ट्राफिक प्रहरीसहित सरोकारवालासँगको छलफल र स्थलगत निरीक्षणबाट प्राप्त सुझावको आधारमा कार्यपालिकाले यस्तो निर्णय गरेको हो ।



२०७६ साल पुसको ७ गतेको बैठकबाट हेटौंडा उपमहानगर क्षेत्रमा थप तीन पांग्रे सवारीसाधन दर्ता अनुमति नदिने निर्णय गरिएको थियो । उक्त समयपछि जिल्लास्थित विभिन्न पालिका तथा अन्यत्र जिल्लामा सञ्चालन अनुमति (परमिट) लिएर हेटौंडा बजार क्षेत्रमा अनधिकृत रुपमा सञ्चालन भइरहेका तीन पांग्रे सवारीसाधनलाई निषेध गर्ने गरी यो निर्णय गरिएको प्रवक्ता न्यौपानेले जानकारी दिए । 'स्टिकर प्रदान गरेसँगै अब हेटौंडा उपमहानगर क्षेत्रमा सञ्चालन अनुमति लिएका तीन पांग्रे सवारीसाधनबाहेक अन्यलाई सञ्चालनमा रोक लगाइनेछ ।,' न्यौपानेले भने ।

हेटौंडा उपमहानगरलाई तीन पांग्रे सवारीसाधन व्यवस्थापनमा भने सहज छैन् । विगतमा निर्णय भइसकेर पनि कार्यान्वयनमा आउन नसकेको कार्यलाई उपमहानगरले पुन: कार्यान्वयन गर्ने गरी कदम अगाडि बढाएको छ । निवर्तमान मेयर हरिबहादुर महतको पालामा पनि अटो व्यवस्थापन गर्ने तरी निर्णय भएको थियो ।

तर, विविध कारणले उक्त निर्णय कार्यान्वयनमा आउन सकेन् । वर्तमान मेयर लामा, उपमेयर बानियाँलगायतलाई हालको निर्णय कार्यान्वयन गर्न टाउको दुखाई हुने देखिन्छ । विगतमा निश्चित पार्किङ क्षेत्र बनाएरपनि उपमहानगरले दिगो व्यवस्थापन गर्न नसक्दा निर्णय कार्यान्वयन हुन सकेको थिएन् । नगरभित्र पार्किङ क्षेत्र निर्धारण गर्न जग्गा अभावको समस्यादेखि अटो, मयुरी, साना गाडि, मोटरसाइकलसम्मको अटेरीले निर्णय कार्यान्वयन गर्न उपमहानगरलाई चुनौती छ ।

हेटौंडाको बीच बजारबाट दुईवटा राष्ट्रिय राजमार्ग पर्ने भएकाले वर्षौंदेखि साँघुरा सडक समस्या बन्दै आएका छन् । पूर्व-पश्चिम राजमार्ग र त्रिभुवन राजपथ बजारको मुख्य सडकमै पर्छन । पूर्व-पश्चिमको सवारीचापलाई व्यवस्थापन गर्न बाइपासबाट मालबाहलक सवारीसाधन पठाइने गरिएको छ । तर, बजारका सडक साँघुरा हुँदा यातायात सञ्चालन र ट्राफिक व्यवस्थापनमा समस्या हुँदै आएको छ । हेटौंडाको साँघुरो सडक फराकिलो बनाएर सहज यातायात सञ्चालन गर्न बागमतीका प्रदेश सांसदहरुले आवाज उठाएपनि तत्कालिन डोरमणि पौडेल नेतृत्वको सरकारले बाइपास सडक निर्माण गर्ने निर्णय गरेर काम गरेको थियो । उक्त बाइपास सडकसमेत सञ्चालनमा आउन सकेको छैन् ।

## कार्यपालिकाबाट अरु के-के निर्णय भए ?

साझाकुरा संवाददाता

हेटौंडा १६, साउन/ सोमबार बसेको हेटौंडा उपमहानगर पालिकाको कार्यपालिका बैठकले तीन पांग्रे सवारीसाधन व्यवस्थापनसँगै अन्य विविधि निर्णय गरेको छ ।

नगर प्रमुख मिनाकुमारी लामाको अध्यक्षतामा बसेको बैठकले नगर प्रमुखको संयोजकत्वमा रहने नगर विपद् व्यवस्थापन समितिमा सदस्यहरु मनोनित गरेको छ । नगरसभा सदस्यमध्येबाट समिति सदस्यमा हेटौंडा-१ सदस्य मनु दाहाल र हेटौंडा-१६ का सदस्य संगिता विश्वकर्मालाई सदस्य मनोनित गर्ने निर्णय गरेको छ । यस्तै, हेटौंडा-२ का वडा अध्यक्ष विष्णुगोपाल महर्जनको संयोजकत्वमा उपमहानगरअन्तर्गत् पर्यटन विकास समिति गठन गर्ने निर्णय गरेको छ । समितिमा कार्यपालिका सदस्यद्वय अर्जुन राई र मञ्जु भुर्तेललाई सदस्य चयन गरेको छ । समितिमा आवश्यकता अनुसार पर्यटन व्यवसायसँग सम्बन्धित व्यक्तिहरुलाई सदस्य मनोनित गर्न सकिने प्रवक्ता न्यौपानेले जानकारी दिए ।

बैठकले हेटौंडा खानेपानी व्यवस्थापन बोर्डको सहकार्यमा सबै उपभोक्तालाई मासिक १० हजार लिटर पानी नि:शुल्क वितरण गर्ने निर्णय सर्वसम्मत गरेको छ । बोर्डको कार्यक्षेत्रलाई विस्तार गर्दै क्रमश: हाल बोर्डको क्षेत्र नपरेका वडाका खानेपानी उपभोक्ता समितिहरुलाई पनि क्रमश: बोर्डअन्तर्गत् ल्याएर नि:शुल्क पानी वितरण गरिने विषयमा कार्यपालिका बैठकमा छलफल भएको प्रवक्ता न्यौपानेले बताए ।

## करार कर्मचारी हटाएपछि अदालतले छलफलमा बोलायो

साझाकुरा संवाददाता

हेटौंडा, १६ साउन/ मकवानपुरगढी गाउँपालिकाले करार सेवाका कर्मचारीको म्याद थप नगरेपछि असन्तुष्ट कर्मचारीहरु अदालत पुगेका छन् ।

गाउँपालिकाको अघिल्लो कार्यकालमा नियुक्त पाई काम गर्दै आएका करिब ८० जना कर्मचारीलाई वर्तमान कार्यपालिकाले असार अन्तिममा म्याद थप नगरेर सेवाबाट निकालेको थियो ।

सेवाबाट निकालिएपछि असन्तुष्ट बनेका कर्मचारीहरुले उच्च अदालत पाटन हेटौंडा इजलाशमा रिट निवेदन दिँदै अन्तरिम आदेश माग गरेका थिए ।

तर, अदालतले सोमबार अन्तरिम आदेश नदिई गाउँपालिका र कर्मचारीहरुलाई छलफलमा बोलाएको अधिवक्ता बालकृष्ण शर्मा अधिकारीले जानकारी दिए ।

गाउँपालिकाबाट हटाइएका करारका कर्मचारी उमेश अधिकारीलगायतकाले अदालतमा रिट निवेदन दायर गरेका थिए ।

उच्च अदालत पाटन हेटौंडा इजलाशले १९ साउनमा गाउँपालिका कार्यालय र हटाइएका कर्मचारीलाई निकालिएको सक्कल माइनोटसहित उपस्थित हुन आदेश दिएको हो ।

## बागमती प्रदेशको १९ स्थानीय तहले अझै पेश गरेनन् बजेट

साझाकुरा संवाददाता

हेटौंडा, १६ साउन/ बागमती प्रदेशको काठमाडौं महानगरपालिकासहित १९ वटा स्थानीय तहले अझैसम्म चालू आर्थिक वर्षको बजेट संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पेश नगरेको पाइएको छ ।

चालू आर्थिक वर्ष २०७९/८० को बजेट असारमा नै पास गरिसकेको भएपनि बागमती प्रदेशका १९ स्थानीय तहले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पेश भने नगरेका हुन् । नयाँ आर्थिक वर्ष सुरु भएको दुई साताभन्दा बढि भइसके पनि १९ वटा स्थानीय तहले अझै बजेट पेश गर्न नसकेको मन्त्रालयले जनाएको छ । बागमती प्रदेशमा १ सय १९ स्थानीयतह रहेको छ ।

तीमध्ये देशको संघीय राजधानी रहेको काठमाडौं महानगर सहित १९ वटा पालिकाको बजेटको विवरण संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा उल्लेख भएको छैन । बजेट पेश भएका स्थानीय तहका विवरण मन्त्रालयको वेवसाइटमा अपडेट हुने गर्छ । सोही वेबसाइटको आधारमा हेर्दा प्रदेशका १९ स्थानीय निकायले बजेट पेश गर्न नगरेको देखिएको हो । प्रदेशमा रहेको ११९ स्थानीय तहमध्ये हालसम्म सय स्थानीय तहले बजेट पेश गर्दा १९ स्थानीय तहले अझै पेश नगरेको मन्त्रालयको तथ्यांकमा उल्लेख छ ।

मकवानपुर, काभ्रेपलाञ्चोक, भक्तपुर र रसुवा जिल्लाका सबै स्थानीय तहको बजेट मन्त्रालयमा पेश गरिसकेको छ भने बाँकी ९ वटा जिल्लाका केही स्थानी यतहले हालसम्म चालू आर्थिक वर्षको बजेट मन्त्रालयमा पेश गरेको छैन ।

## हेटौंडा जोड्ने छोटोमार्गको अवरोध हटाइयो

साझाकुरा संवाददाता

हेटौंडा, १६ साउन/ अविरल वर्षाका कारण पहिरो खसेपछि अवरुद्ध बनेको हेटौंडा-काठमाडौं जोड्ने छोटोमार्गको अवरोध पन्छाएर सञ्चालनमा ल्याइएको छ ।



भैंसे-भीमफेदी सडकखण्डमा सोमबार लेदो माटोसहितको पहिरो जाँदा यातायात अवरुद्ध भएको थियो । भीमफेदी गाउँपालिका-२ मा माथिबाट लेदो माटोसहितको पहिरो खसेपछि सडकखण्डमा यातायात अवरुद्ध भएको इलाका प्रहरी कार्यालय भीमफेदीले जनाएको छ । पहिरोका कारण सडक अवरुद्ध हुँदा काठमाडौंबाट कुलेखानी-भीमफेदी हुँदै हेटौंडातर्फ आउने र हेटौंडाबाट भीमफेदी हुँदै काठमाडौंतर्फ जाने सवारीसाधन रोकिएको इलाका प्रहरी कार्यालय भीमफेदीका प्रहरी निरीक्षक प्रतिमा कार्कीले जानकारी दिइन् ।

पहिरो पन्छाएर साँझ यातायात सञ्चालन गरिएको मकवानपुरका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिए । जिल्लाको त्रिभुवन राजपथ, कान्तिलोकपथमा सबै सावारीसाधन सञ्चालन रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

छोटोमार्गबाट दैनिक हजारौं साना सवारीसाधन सञ्चालन हुने गरेका छन् । चितवनदेखि तराईका साना सवारीसाधन छोटोमार्ग भएर सञ्चालन हुने गर्छन् । तराईबाट काठमाडौं पुग्ने सबैभन्दा छोटोमार्ग हेटौंडा-कुलेखानी-बल्खु सडक हो ।

## लागूऔषधसहित ४ जना पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा, १६ साउन/ मकवानपुर प्रहरीले अवैध लागूऔषधसहित ४ जनालाई पक्राउ गरेको छ ।

प्रहरीले लागूऔषध ओनेरेक्स १ सय एमएलको १३ बोतलसहित ४ जनालाई पक्राउ गरेको हो । जिल्ला प्रहरी कार्यालय मकवानपुरकोअनुसार पक्राउ पर्नेमा हेटौंडा-२ का ४९ वर्षीय राजेश श्रेष्ठ, हेटौंडा-४ का ५४ वर्षीय रामकाजी श्रेष्ठ, हेटौंडा-१३ की २६ वर्षीय आहाना भन्ने अल्बिना तामाङ र हेटौंडा-१२ की २५ वर्षीय ईशा घलान रहेका छन् ।

वडा प्रहरी कार्यालय हेटौंडा मकवानपुरबाट खटिएको प्रहरी टोलीले हेटौंडा-४ चिल्ड्रेनपार्कस्थित चौतारी होटलमा सुरक्षा जाँच गर्दा राजेश श्रेष्ठको साथबाट लागूऔषध फेला पारेको प्रहरीले जनाएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरु:

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम


Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

ADMISSION OPEN

10+2 SCIENCE
HOTEL MANAGEMENT
MANAGEMENT

(Both for the Morning & the Afternoon Session)



Foundation Classes for Medical and Engineering

New attraction for Science students

HETAUDA SCHOOL OF MANAGEMENT
"कडा अनुशासन, स्तरीय शिक्षा"

Contact: 057-524701, 057-524711

Hetauda-4, Makawanpur
info@hsm.edu.np
@hsm.edu.np

www.hsm.edu.np

साझाकुरा

## हाम्रो कुरा

# बजार अनुगमन गर

मनसुन सक्रिय भएसँगै असारको अन्तिम साताबाट परेको अविरल वर्षाका कारण आएको बाढी, पहिरो, डुबान तथा कटानबाट मानिसको ज्यानमात्र गएन, अर्बौं रुपियाँको कृषि बाली नष्ट भयो । विशेषगरी तराई क्षेत्र जलमग्न भएका कारण खेतबारीमा लगाइएका तरकारी नष्ट भए । फलस्वरुप बजारमा तरकारीको आपूर्ति केही कम भयो र मूल्यवृद्धि व्यापक बन्यो । तरकारीको बिक्री वितरणमा धेरै तहका बिचौलिया रहेका कारण तिनै बिचौलियाले अस्वभाविक मूल्यवृद्धि गरे । तरकारीको मूल्यमा तीन-चार गुणासम्म वृद्धि भयो । यसले आम उपभोक्ताको जनजीवन निकै कष्टकर बन्दै गइरहेको छ । बजारमा तरकारीमात्र नभई सबै प्रकारका दैनिक उपभोग्य वस्तुहरूमा बिनाकारण चर्को मूल्यवृद्धि हुने गरेको छ । तर, अकाशिएको मूल्यवृद्धि नियन्त्रण गर्नेतर्फ राज्यको प्राथमिकतामा परेको देखिँदैन ।

आफ्ना नागरिकलाई सहज ढंगले दैनिक उपभोग्य वस्तु उपलब्ध गराउनु सरकारको दायित्व हो । स्वच्छ र गुणस्तरीय उपभोग्य वस्तु उचित मूल्यमा सुलभरुपमा प्राप्त गर्नु उपभोक्ताको अधिकार हो । यसका लागि सबैभन्दा बढी जिम्मेवार उत्पादक, बिक्रेता नै हुनुपर्छ । यसमा निरन्तर नियमन र अनुगमन गर्ने काम सरकारी निकायको हो । तर, नेपाली बजारमा अनुगमन निकै कम हुने गरेको छ । दशैं, तिहारजस्ता मुख्य चाडपर्वको बेलामा पटके अनुगमन गर्ने गरिए पनि प्रभावकारी बन्न सकेको पाइँदैन । आक्कलझुक्कल गरिने अनुगमनबाट उपभोक्ता अधिकार सुनिश्चित हुनै सक्दैन । औपचारिकता पूरा गर्नमात्र अनुगमन होइन, बजारको अव्यवस्था अन्त्यका लागि नियमित र प्रभावकारी अनुगमन हुनुपर्छ । उपभोक्तालाई जागरुक बनाउँदै उत्पादक, बिक्रेता तथा सेवाप्रदायकलाई सचेत बनाउने र आवश्यक परे कारवाही गर्नेसम्मको हैसियतमा राज्यका जिम्मेवार निकाय प्रस्तुत भएमा उपभोक्ता अधिकार थोरै भए पनि सुनिश्चित हुनसक्छ । बाढी, पहिरो तथा डुबानका कारण तरकारीको आपूर्तिमा केही कमी आएको भए पनि मूल्यवृद्धि गर्नुपर्ने खास कारण देखिँदैन । अहिले तरकारीमा अस्वभाविक मूल्यवृद्धि हुनुको मूल कारण सरकारको निरीहपन हो भने व्यवसायीको ठग प्रवृत्ति पनि हो । मुलुक संकटमा परेको बेला सरकार र व्यापारीमा बढ्ने यस्ता प्रवृत्ति राम्रो होइन । यस्ता ठग प्रवृत्तिलाई व्यापारीले त्याग्नै पर्छ । सरकारले पनि नागरिकलाई पीडा दिएर चुपचाप बस्ने महाभूल गर्नुहुन्न । बजार अनुगमन व्यापक बनाई उपभोक्ता ठग्ने व्यापारीलाई कडा कारबाही गर्नुपर्छ ।

अहिले बजारमा तरकारी, फलफूल तथा अन्य उपभोग्य वस्तुको कृतिम अभाव सृजना गर्ने, बढी मूल्यमा बिक्री गर्ने, जथाभावी विषादीको प्रयोग गर्ने, मिसावट गर्ने, म्याद गुज्रिएको वस्तु बिक्री गर्ने, कम परिमाणका बस्तु बिक्री गर्नेजस्ता कार्यहरु भइरहेका छन् । यस्ता कार्यहरु आपराधिक कार्य हुन् । संकटका बेलामा फाइदा लुट्ने व्यवसायीको मनोवृत्तिलाई दुरुत्साहन गर्न आवश्यक सबै उपाय अवलम्बन गर्नुपर्ने देखिन्छ । यसका निम्ति कृषक, व्यापारी, उद्यमी, नागरिक समाज, अधिकारकर्मीलगायतको संलग्नतामा राज्यको तर्फबाट प्रभावकारी अनुगमन संयन्त्र निर्माण गरी निरन्तर बजार अनुगमन गर्नुपर्ने देखिन्छ । र, यस्ता कार्यमा संलग्न जोकोहीमाथि पनि कडाभन्दा कडा दण्ड सजायको व्यवस्था गर्नुपर्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ साउन १८ गते बुधबार ३ अगष्ट २०२२ । श्रावण शुक्लपक्ष षष्ठी । गुँलाथ्व ११४२ । सूर्योदय: ५:२८, सूर्यास्त: ६:५० मा हुनेछ । कल्कि जयन्ती ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : नयाँ काममा सफलता मिल्नेछ | **तुला** | : पितृधन लाभ हुनेछ |
| **वृष** | : स्थायी सम्पत्ति जोड्ने समय छ | **वृश्चिक** | : नयाँ ज्ञान प्राप्त हुनेछ |
| **मिथुन** | : व्यवसाय अवरुद्ध बन्न सक्नेछ | **धनु** | : कृषिमा हानि हुनेछ |
| **कर्कट** | : व्यापारमा फाइदा मिल्नेछ | **मकर** | : इनाम हात पर्नेछ |
| **सिंह** | : समय उत्साहवर्द्धक छ | **कुम्भ** | : श्रम खेर जानेछ |
| **कन्या** | : आम्दानी बढ्नेछ | **मीन** | : पढाइमा प्रगति हुनेछ |

# एसइई २०७८ को नतिजा र सतहका भ्रम अनि वास्तविकता



✍ रमेश प्रसाद लामिछाने
हेटौंडा, मकवानपुर

१. नेपालमा वि.सं. १९९० सालबाट प्रारम्भ भएको एसएलसी परीक्षा २०७२ सालमा परिमार्जित भै एसइई नामाकरण हुँदा पनि पुरानै आईरन गेटको हाउगुजीले हाम्रा शिक्षक विद्यार्थीलाई ग्रसित बनाएको लेटर ग्रेडिङ्ग सिस्टम थप चर्चाको विषय बनाईएको छ । विश्वब्यापि कोरोना भाईरसको महामारीका कारणले २०७६र २०७७ सालको एसईई परीक्षा सम्वन्धित विद्यालयबाटै मूल्यांकन गरी परीक्षा बोर्डबाट नतिजा प्रमाणित गरिएको थियो । विद्यार्थीहरुको मूल्यांकनका लागि बोर्ड मार्फत निश्चित मापदण्ड निर्धारण गरी सो कार्यान्वयन गर्न निर्देशिका जारी गरिएता पनि उक्त नतिजा ज्यादा आलोचित बनेको तथ्य जगजाहेर छ ।

२०७६ सालको एसइई परीक्षाको २०७७ भाद्र १ गते बोर्डबाट नतिजा प्रमाणित भएको परीक्षार्थी संख्या ४,७२,०७८ जना मध्ये ९,३१९ जनाले ४ जीपीए प्राप्त गरेका थिए भने २०७७ सालको एसइई परीक्षाको २०७८ श्रावण २३ गते परीक्षा बोर्डबाट नतिजा प्रमाणित भएको परीक्षार्थी संख्या ४,८४,२७८ जना मध्ये ८,४४४ जनाले ४ जीपीए प्राप्त गरेका थिए । जबकि २०७८ सालको एसइई परीक्षाफल बोर्डबाट २०७९ श्रावण ११गते नतिजा प्रकाशन हुँदा कूल परीक्षार्थी ४,९५,७५१ मध्ये मात्र ४२ जनाले ४जीपीए प्राप्त गरेको भनिएको छ । जबकि यो परीक्षामा प्राविधिक धारतर्फका १४,५६४ जना सहभागी हुनुले उच्च ग्रेड वृद्धिमा थप योगदान पुगेको स्पष्ट छ । यो नतिजाको तुलनात्मक विश्लेषणसंगै अलि पछाडि फर्केर हेर्दा २०७५ सालको कूल ४,५९,२७५परीक्षार्थी मध्ये ४ जीपीए ल्याउने विद्यार्थी संख्या १०६ जना मात्र थिए र अझ पछाडि जाँदा २०७४ सालको नतिजामा ४जीपीए प्राप्त गर्नेको संख्या ७४ जना मात्र भएको नतिजाले विद्यालयले गर्ने नतिजा र बोर्डबाट प्रकाशन गरिने नतिजामा ज्यादा अन्तर देखिंदा विद्यालय प्रति विश्वासको संकट देखिनु स्वभाविक मान्नै पर्दछ । जबकि २०७७ सालको नतिजा प्रमाणित गर्ने सन्दर्भमा २४ जिल्लाको नतिजा अस्वभाविक भएको भन्दै परीक्षा बोर्डले चिन्ता ब्यक्त गरेको तथ्य स्मरणीय छ ।

२. विभिन्न शंका उपशंकाका बीच २०७८ सालको एसइई परीक्षा २०७९ वैशाख ९ गतेबाट २००७ वटा परीक्षा केन्द्रमा संचालन भएको थियो । यस परीक्षामा अनिवार्य विषयका प्रदेशगत भिन्न प्रश्नपत्रहरुको प्रयोगसंगै पहिलो पटक प्रदेशगत नतिजा प्रकाशन गरिएको परीक्षा बोर्डले जनाएको छ । परीक्षा बोर्डका अनुशार ४ जीपीए ल्याउने सबैभन्दा बढि वागमती प्रदेशबाट ४,६०२ जना, दोश्रोमा मधेश प्रदेशबाट १,५३१ जना, तेश्रोमा लुम्बिनी प्रदेशबाट १२२० जना, चौथोमा प्रदेश नं.१ बाट ११८७ जना ,पाँचौमा गण्डकी प्रदेशबाट ७८४ जना, छैंटौमा सुदुरपश्चिम प्रदेशबाट १९५जना र सबैभन्दा कम कर्णाली प्रदेशबाट १४४ जनाले ४ जीपीए प्राप्त गरेका छन् ।

यो परीक्षामा ११,६१५ वटा विद्यालयबाट परीक्षा आवेदन फर्म भर्ने ५,१४,७६० जना भए पनि परीक्षामा सहभागी भने ४,९५,७५१ परीक्षार्थी भएको भनिएको छ । परीक्षा आवेदक मध्ये १९,००९जना अनुपस्थित हुनु भनेको अर्को चुनौति नै भन्नु पर्दछ । यो तथ्याङ्कबाट ३.६९ प्रतिशत ड्रप आउट परीक्षार्थीको खोजी जरुरी पक्ष हो । यस वर्षमात्र नभै बिगत वर्षहरुमा पनि आवेदन फर्म भर्ने सबै परीक्षार्थी परीक्षामा सहभागी भएको पाईदैन । २०७६ सालमा परीक्षा आवेदन फर्म भर्ने ४,८२,९८६ जना मध्ये ४,७२,०७८ को मात्र नतिजा प्रमाणिकरण हुँदा १०,९०८ जना अर्थात करिब २.२६ प्रतिशत परीक्षार्थी हराएको र ड्रप आउट परीक्षार्थी संख्या भने क्रमश: बढ्दै जानुले शिक्षामा विश्लेषणको नयाँ विषय थपिएको महसुस भएको छ ।

३. परीक्षा बोर्डका अनुशार यो नतिजा पछिल्लो निर्देशिका बमोजिम प्रकाशन गर्ने प्रयत्न सहज नभएकै कारणले अन्तमा बिगतकै मापदण्ड बमोजिम प्रकाशन गरिएको जनाएको छ । मिति २०७८ पौष ७ गते मंत्रीस्तरीय निर्णय भै २०७८ साल फागुन १८ गते पहिलो संसोधन गरिएको लेटर ग्रेडिङ्ग निर्देशिका २०७८ मिति २०७८/११/२६ मा प्रकाशित भएको हो । यस निर्देशिकाले तत्कालिन ९ वटा ग्रेडलाई ८ वटा कायम सहित अन्य व्यवस्थामा परिमार्जन गरेको छ । पहिलो ग्रेड ए प्लसमा ९० भन्दा माथि अंकलाई सर्वोत्तम र ४ जीपीए, त्यस्तै दोश्रो ग्रेड ए मा ८० देखि ९० सम्म ३.६ जीपीए अत्युत्तम, तेश्रोमा बी प्लस ७० देखि ८० अंक सम्मका ३.२ जीपीए उत्कृष्ट, चौथो बी ग्रेडमा ६० देखि ७० अंक सम्मका २.८ जीपीए उत्तम, पाँचौ सी प्लसमा ५० देखि ६० अंक सम्मका २.४ जीपीए सन्तोषजनक, छैटौं ग्रेड सी मा ४० देखि ५० अंक सम्मका २.जीपीए ग्राह्य, सातौं ग्रेड डी मा ३५ देखि ४० अंक सम्मका १.६ जीपीए आधारभूत र आठौं ० देखि ३५ अंक सम्म एनजी अर्थात अवर्गिकृत कायम गरेको छ ।

उक्त निर्देशिकाले कक्षा ८,१०र१२ का विषयगत परीक्षामा आन्तरिक तर्फ न्यूनतम सी ग्रेड अर्थात ४० अंक र सैद्धान्तिक तर्फ न्यूनतम डी ग्रेड अर्थात ३५ अंक ल्याउनेलाई मात्र मूल प्रमाणपत्र प्रदान गरिने र अन्य कक्षाका हकमा समेत यस निर्देशिका संग नबाझिने गरी विद्यालयले प्रमाणपत्र दिन सक्ने भनी किटानी व्यवस्था गरेको छ । यसै संसोधित लेटर ग्रेडिङ्ग निर्देशिका बमोजिम एसइईको नतिजा प्रकाशन गर्ने परीक्षा बोर्डको निर्णय अन्तिममा असहज भएको अर्थात ब्यापक विद्यार्थी कक्षा ११ पढ्नबाट बन्चित बन्ने अवस्था आएकै कारणले फेरी निर्णयमा फेरबदल गरी पुरानै अर्थात बिगतकै क्राईटेरिया बमोजिम यस वर्षको एसइई नतिजा प्रकाशन गरिएको भनाई बाहिर आएको छ । बिगतका दुई वर्षहरु कोभिड-१९ महामारीका कारणले शिक्षामा अधिक क्षति पुगेको र पढाई नै ज्यादा अवरुद्ध भएको कारणले शैक्षिक स्तरियता अत्यन्त कमजोर रहेको स्विकार गरिएको छ ।

४. संसोधित लेटर ग्रेडिङ्ग निर्देशिका २०७८ हाल कक्षा ९ मा अध्ययनरत विद्यार्थीबाट कार्यान्वयन गर्दा उपयुक्त देखिन्छ । आगामी शैक्षिक सत्रबाट कक्षा ५,८र१०मा परिमार्जित पाठ्यक्रम लागु हुनेछ र मूल्यांकनका सबालमा समेत नयाँ पाठ्यक्रमबाट नयाँ मूल्यांकन सहज र तर्कयुक्त बन्न सक्छ । पाठ्यक्रम पुरानो अनि मूल्यांकन भने नयाँ निश्चय नै असहज त बन्छ नै । अर्को तर्फ एसइई परीक्षा खारेजीको माग उठेको दुईचार वर्ष बिति सकेको छ । यता, विधि कानूनले विद्यालय तहको अन्तिम परीक्षा कक्षा १२को अन्तमा लिने गरी तोकिसकेको छ । कक्षा १२ सम्मको शिक्षालाई संविधानले स्थानीयतहमा सुम्पिएको भनिएको छ ।

राष्ट्रिय परीक्षा बोर्ड कक्षा १० र कक्षा १२ गरी दुईवटा साईनबोर्डमा सरोकार वाला झुक्किनेगरी भिन्न दुई कार्यालय मार्फत नाटक नै देखाईएको भन्दा अत्युक्ति नहोला । ब्यक्तिगत पदीय स्वार्थका आधारमा नीति विधि बनाईन्छ जबकि विधि कानून अनुशार ब्यक्ति को ब्यवस्थापन हुनुपर्ने हो ।

कक्षा ८ को परीक्षा स्थानीय तह, कक्षा १०को एसइई परीक्षा प्रदेश सरकार र कक्षा १२को परीक्षा बोर्ड मार्फत संचालन गर्ने भनि नीति विधि बनाईएको पनि दुईचार वर्ष बिति सकेको छ । हाम्रो समस्या भनेकै गोडा अनुशारका जुत्ता किन्ने भन्दा जुत्ताको साईजमा गोडा काट्ने प्रणाली नै घातक साबित भैसकेको छ । तयारी बीना जारी गरिने नीति निर्देशिकाको परिणाम यस वर्षको एसईई को नतिजा प्रकाशन संग जोड्न सकिन्छ ।

५. शैक्षिक स्तरीयता हाम्रो अहम सबाल हो । स्तरीयताका मापदण्डहरु सधैं आलोच्य बनेका छन् । समयानुकूल संगै देशको आवश्यकता र सरोकारवर्गको चाहना बमोजिम हाम्रो शिक्षा प्रणालीले विश्वभूमण्डलीकरणलाई पनि संबोधन गर्नु पर्दछ । कम्तिमा सार्क राष्ट्रसंग त तालमेल हुनै पर्दछ । हालको लेटर ग्रेडिङ्ग प्रणालीका अष्पस्टता नबुझैरै बिगत झैं एसएलसी जस्तै लेटर ग्रेड तथा जीपीएलाई जवर्जस्त प्रतिशत र श्रेणीमा बदलेर आईरन गेटकै धङधङतीको हाउगुजी छर्ने काम जारी देखिंदा दोषी को होला भनेर चिन्ता बढेको छ । जान्ने भनिएकाहरु बाटै भ्रम छर्ने काम अधिक भएको देखिन्छ ।

परम्परागत बिरालो बाँध्ने संस्कार नै मूल समस्याका कारणले पास र फेलका प्रसंग जोडिएका छन् । हालको प्रणालीमा पास र फेलको सबाल जोडिएको छैन । एसइई पश्चात विषयगत ग्रेड र जीपीएका आधारमा सम्वन्धित विद्यार्थी कक्षा ११ मा भर्ना हुन सक्छ । यो मूल्यांकन प्रणालीले एसइई पश्चात कुनैपनि विद्यार्थीलाई कक्षा ११मा पढ्न अवरोध गर्दैन । रोजेको विषयहरु छनौट गर्न भने तोकिएको विषयमा तोकिएको ग्रेड छैन भने ग्रेड वृद्धिको परीक्षा दिनु पर्ने हुन्छ वा प्राप्त ग्रेड र जीपीएले निर्देश गरे बमोजिमका विषय पढ्न सकिन्छ ।

# नागरिकता विधेयकको भ्रम र यथार्थ



✍ रामनारयण विडारी

हामीले नागरिकता विधेयक ल्याउँदा होस् गरेर सबै नेपालीले सजिलोसँग नागरिकता पाउन सकुन र विदेशीले कुनै पनि बहानामा नागरिकता पाउन नसकोस् भन्ने दृष्टिकोण राखेर बनाउनुपर्छ । यसलाई राजनीतिक स्वार्थको खेल बनाउनु हुँदैन ।

नेपालमा हरेक पटक संविधान जारी हुँदा नागरिकताको विषयमा पनि विवाद हुनेगरेको देखिन्छ । विसं २०४७, २०६३, २०७२ मा जारी हुँदा पनि यो विवाद भइरहेको देख्न सकिन्छ । हरेक पटक नागरिकता दिने व्यवस्थामा खुकुलो पार्ने काम भएको सबैले महसुस गरेका छन् । नेपाल भूपरिवेष्ठित, सानो भूभाग र थोरै जनसङ्ख्या भएको देश हो । छिमेकमा तीनतिर भारत र एकातिर चीन छ । दुवै देश संसारको धेरै जनसंख्या भएका पहिलो र दोस्रो देश हुन् ।

भूभागका हिसाबले पनि यी देश संसारका ठूलामा दोस्रो र तेस्रोमा पर्दछन् । नेपाल र भारतका सिमानामा पाँच सय किलो मिटरभन्दा बढी लम्बाइ र तीनतिर पूर्व, पश्चिम र दक्षिण भाग पूरै खुला छ । उत्तरतर्फ भने चीनसँग बन्द सिमाना छ । चीनसँग लामो र पुरानो वैवाहिक सम्बन्ध देखिन्छ । आजकल घट्दो क्रममा छ । भारतसँग नेपालको सांस्कृतिक, धार्मिक, पारिवारिक सम्बन्ध पनि प्रशस्त छन् । एकातिर पारिवारिक सम्बन्ध छ भने अर्कोतर्फ खुला सीमाना पनि छ । साथसाथै भारतको जनसंख्या करिब एक सय तीस करोड, नेपालको जनसंख्या करिब तीन करोडभन्दा कम छ । भूभाग पनि नेपालभन्दा करिब पचपन्न गुणा बढी छ । यस्तो भौगोलिक स्थिति, यस्तो राजनीतिक सीमा संसारका कमै मुलुकमा पाइन्छ ।

संसारमा कयौं देश खुला सिमानाका छन् तर तिनीहरूको यति धेरै फरक हुने गरी भूभाग र जनसंख्या छैनन् । त्यसैले सबै समस्या समाधान गर्न नेपाल भारत सिमानामा काँडे तारजाली लगाऔं र राति करेन्ट पनि छोडौं, दिनभरि करेन्ट रोकौं भनेर संसद्मा विशेष समय लिएर बोलियो । यदि यसो गर्ने हो भने सुरक्षा मजबुत गर्न, तस्करी रोक्न अपराध नियन्त्रणमा समेत बल पुग्छ । गैरनागरिकको बाढी पनि रोकिन्छ । तसर्थ हाम्रो जस्तो मुलुकमा नागरिकता कानुन राष्ट्रियता जोगाउन बढो संवेदनशील भएर होसियारीपूर्वक बनाउनु वाञ्छनीय छ । त्यसैले नागरिकता विधेयक आउनासाथ सबैको चासो हुनु स्वाभाविक छ । हामीले नागरिकता विधेयक ल्याउँदा होस् गरेर सबै नेपालीले सजिलोसँग नागरिकता पाउन सकुन र विदेशीले कुनै पनि बहानामा नागरिकता पाउन नसकोस् भन्ने दृष्टिकोण राखेर बनाउनुपर्छ । यसलाई राजनीतिक स्वार्थको खेल बनाउनु हुँदैन ।

२०४७ सालमा बहुदलीय व्यवस्थाको संविधान जारी गर्दाको अवस्थामा नै तराईको समस्या समाधान गर्न भनेर नागरिकता ऐन, २०२० बमोजिम अङ्गीकृत नागरिकता प्राप्त गरेकाहरूलाई नागरिक सरह नै मानेको थियो । २०४६ चैत मसान्तसम्म नेपालमा जन्म भएकाहरू नेपालमा नै स्थायी बसोबास गरिआएकालाई जन्मसिद्ध नागरिकता दिनेगरी संविधानमा व्यवस्था गरियो । यो कामका निम्ति निवेदन दिन दुई वर्षको समय दिइयो । यसरी नेपालमा वंशज र जन्मसिद्ध नागरिकताको प्रारम्भ भयो । यहीबेलादेखि नै नागरिकताको भाँडभैलो भयो ।

अर्को नागरिकता ऐन, २०२० को दफा ६ (२) ले नेपालीसँग विवाह गरेर नेपालमा आएकी महिलाले नेपालको नागरिकता लिन सक्ने व्यवस्था गरियो । २०४७ को संविधानले पनि नेपाली नागरिकले वंशजको नागरिकता पाउने व्यवस्था गरियो । यसमा नागरिक भनेको वंशज मात्र हो भन्ने कुरा नगरी अङ्गीकृतलाई पनि जनाउने अर्थ लगाइयो । यो प्रावधान २०४७ को संविधानले ल्यायो । कुनै नाबालकको बाबु फेला नपरेमा पनि ऊ नेपालको वंशज नागरिक हुने व्यवस्था गरियो । जन्मसिद्ध र वंशज साथै अङ्गीकृत नागरिक हुनेभयो । यसैगरी २०६३ सालमा नेपालको अन्तरिम संविधान जारी भयो । यसमा पनि २०४६ साल चैत मसान्तसम्म नेपालमा जन्मेको, नेपालमा बसोबास गरिरहेकालाई जन्मसिद्ध नागरिकता दिने व्यवस्था गरियो । जसनुसार संविधान सभाको चुनावअगाडि नागरिकता लिन सक्ने वा विशेष कारण परेमा दुई वर्षसम्म लिन सक्ने गरी नागरिकता ऐन, २०६३ जारी गरियो । जसमा विदेशी महिलाले नेपालीसँग विवाह गरेमा पनि अङ्गीकृत नागरिकता दिने व्यवस्था कायमै गरियो । विदेशी पुरुषसँग विवाह गरी जन्मेका सन्तान नेपाल बसेमा ती व्यक्ति पनि अङ्गीकृत नागरिक बन्न सक्ने व्यवस्थासमेत गरियो । यसरी नागरिकता दिने विषयमा २०४७ र २०६३ का संविधान र २०२० र २०६३ का नागरिकता ऐनले विदेशी बुहारी र विदेशी भान्जाभान्जी साथै बाबु आमा ठेगान नभएका बालकलाई पनि नेपालको नागरिकता दिने व्यवस्था गरिएको छ ।

बाबु पत्ता नलागेको नेपाली महिलाले जन्माएको बच्चाको पनि नेपाली नागरिक हुने व्यवस्था गरिएको छ । यी सबै व्यवस्था पहिला नै भएकोमा अहिले नेपालको संविधानले ती सबै कुरालाई निरन्तरता दिए पनि विदेशी ज्वाइँबारेमा संविधान मौन छ । यसमा केही नागरिक असन्तुष्ट देखिन्छन् । बुहारीलाई जस्तै ज्वाइँलाई पनि नागरिकता दिनुपर्ने भनी समानताको व्याख्या भइरहेको छ । नागरिकता बारेमा विभिन्न देशमा विभिन्न व्यवस्था छ । भारतमा पनि विदेशी बुहारीलाई नागरिकताको निवेदन दिन पनि सात वर्षपछि तोकिएको छ । ज्वाइँबारेमा मौन छ ।

यो पटकको (२०७९) नागरिकता विधेयक संशोधनमा संविधानले तोकेको तर कानुन बनाउन बाँकी रहेको जम्मा दुई नयाँ कुरा व्यवस्था गरिएको छ । सकेको भए त पुराना माथि उल्लेख गरिएका नागरिकताका कमजोरी सबै समाप्त पार्न पाएको भए हुन्थ्यो । तर हाल पनि पुराना २०४७ सालका संसदीय राजनीतिक दलको नै हालीमुहाली कायम भएकाले सक्ने अवस्था थिएन र छैन । नयाँ कुरामध्ये पहिलो २०७२ आश्विन ३ गतेभन्दा अगाडि जन्मको आधारमा आमा र बाबु दुवै जना नेपालको नागरिक भएका व्यक्तिको सन्तानलाई सोह्र वर्ष उमेर पुगेपछि वंशजको नागरिकता दिने ।

दोस्रो गैरआवासीय नेपालीलाई आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार उपभोग गर्न पाउने यसमा राजनीतिक अधिकार समावेश छैन । यी दुई कुरा यो विधेयकमा छ । अरू हल्ला चलाइएका कुरा भने २०२० को ऐन साथै २०४७ र २०६३ को संविधान एवं ऐनका कुरा नै हुन् । तसर्थ यो विधेयकको विरोध हैन । साविकदेखि चलिआएको विधेयकमा भएका प्रावधानहरू संशोधन गरौं भन्नुपर्ने हो । यो संशोधन गर्न केपी ओलीको प्रधानमन्त्रित्वकालमा सम्भव थियो किनकि नेकपा बहुमतमा थियो तर उहाँले यस्तो विषय हालेर विधेयक ल्याउनुभएन । तर संसद्मा तत्कालीन राज्य व्यवस्था समितिले विदेशी बुहारीका लागि सात वर्षपछि मात्र नागरिकता दिन सकिने व्यवस्था पारित गरिदिएको थियो । तत्कालीन प्रधानमन्त्री केपी ओलीले सो विधेयक संसद्मा लानका निम्ति व्यवधान खडा गरी संसद् भङ्ग गरी समितिले पारित गरेको विदेशी बुहारीलाई सात वर्षपछि मात्र नागरिकता दिने व्यवस्था हटाई नागरिकता अध्यादेश ल्याउनुभयो ।

जसमा साबिकको ऐन २०६३ अनुसारको व्यवस्था तत्काल विदेशी बुहारीलाई नागरिकता दिने कायम नै राखियो । सो अध्यादेशको हुबहु प्रावधान नै अहिलेको प्रधानमन्त्री शेरबहादुर देउवाले विधेयकको रूपमा संसद्मा पेस गर्नुभएको हो । यसको अर्थ केपी ओली र शेरबहादुर दुवै जना विदेशी बुहारीलाई तुरुन्त नागरिकता दिने कुरामा उस्तै देखिनुभएको छ । यसमा माओवादीको मत फरक थियो ।

ऊ सात वर्षपछि मात्र सबै हेरेर विदेशी बुहारीलाई नागरिकता प्रदान गर्ने कुरा गर्दथ्यो । अहिलेको विधेयकमा यो कुरा राख्न आवश्यक नै छैन किनकि यो प्रावधान त २०६३ र २०४७ को संविधान र २०२० को साथै २०६३ को ऐनले नै गरिसकेको छ । तर जनमानसमा यो कुरा बल्ल यो विधेयकमा राखियो भन्ने भ्रम पारिएको छ । यो विधेयकले गर्दै नगरेको कुरा गरियो भनिएको छ । २०६३ र २०४७ का कानुन र संविधानले गरेको कुरा अहिले आएर बल्ल गरियो भनेर हल्ला गर्नु बेइमानी हो ।

**गर्नुपर्ने के थियो ?**

वंशज र जन्मसिद्ध नागरिकता बारेमा केही अवधिका लागि छुट्टै व्यवस्था हुनुपर्थ्यो । जस्तो अङ्गीकृत र वंशजमा फरक छ । यसैगरी विदेशी बुहारीलाई कम्तीमा सात वर्ष राजनीतिक अधिकारबाहेक अरू अधिकार दिनेगरी प्रमाणपत्र दिनुपर्ने थियो र सात वर्षपछि उपयुक्तता र माग बमोजिम अङ्गीकृत नागरिकता दिएर जानु ठीक हो । जहाँसम्म ज्वाइँलाई पनि समान व्यवहार बुहारीको जस्तै गरिनुपर्ने भन्ने भनाइलाई संविधानमा नै संशोधन गरेर मात्र गर्दा संवैधानिक हुने हो । अहिले गर्न सकिने भएन । भान्जाभान्जीको हकमा विदेशी नागरिकता नलिएको, जन्मेदेखि नेपालमा नै बसोबास गरेको भए अङ्गीकृत नागरिकता दिन मिल्छ तर ऊ विदेशी नागरिक भएमा स्वत: नेपालको नागरिकता समाप्त हुन्छ । विदेशी नागरिकले नेपाली नागरिकता लिएको कुरा मसिनुसँग छानबिन गर्नुपर्ने अनिवार्य व्यवस्था आवश्यक छ । यसरी नागरिकता विधेयक नयाँ बनाउनु वाञ्छनीय छ । यसका लागि संसद्मा सजिलो बहुमत चाहिन्छ । *- साभार: रातोपाटी*

# सुराकमा मात्रै पक्रिन्छन् कारोबारी...




काभ्रेपलाञ्चोक, १६ साउन (रासस)/ इलाका प्रहरी कार्यालय बनेपाले प्रतिबन्धित लागुऔषध कारोबारमा संलग्न पाँच जनालाई शनिबार राति पक्राउ गऱ्यो । प्रहरीले भारतबाट वीरगञ्ज हुँदै काभ्रेको बनेपामा लागुऔषध कारोबारमा संलग्न भएका उनीहरूलाई पक्राउ गरेको हो ।

लागुऔषध कारोबार तथा ओसारपसारमा संलग्न बाराको पिपरपाती गाउँपालिका-४ का समसोदिन मियाँ, बाराकै डुमरवाना-४ की संगीता चौधरी, बनेपा नगर पालिका-१० का सविन हुमागाईंलाई शनिबार बनेपा नपा-१० बाट पक्राउ गरिएको इप्रका बनेपाका प्रहरी निरीक्षक नारायण थापाले जानकारी दिए । उनका अनुसार सोही आरोपमा बाराको कलैया उपमहानगर पालिका-१२ घर भई हाल वीरगञ्ज बस्ने पवनकुमार शाह र वीरगञ्ज महानगरपालिका-२४ का शेषनाथ शाहलाई शनिबार राति नै वीरगञ्जबाट पक्राउ गरिएको प्रहरी निरीक्षक थापाले बताए ।

प्रहरीका अनुसार बनेपा नगरपालिका-१० मा लागुऔषधको कारोबार भइरहेको गोप्य सूचनाको आधारमा उनीहरूलाई पक्राउ गरिएको हो । बनेपामा पक्राउ परेकाबाट प्रहरीले तीन सय दुई एम्पुल डाइजेपाम, तीन सय दुई एम्पुल फेनेर्गन र तीन सय दुई थान नोफिन गरी कूल नौ सय छ थान लागुऔषध बरामद गरेको छ ।

प्रारम्भिक अनुसन्धानबाट बनेपामा पक्राउ परेको संगीताले वीरगञ्जबाट लागुऔषध ल्याई काठमाडौँमा मियाँसँग भेट भएको र मियाँले बनेपाका सविनलाई लागुऔषध दिन आएको खुलेको छ । शेषनाथले भारतबाट लागुऔषध वीरगञ्ज ल्याउने र वीरगञ्जमा शाहलाई दिने गरेको प्रहरी निरीक्षक थापाले बताए । उनका अनुसार पक्राउ परेका पाँचैलाई आइतबार जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गरी अनुसन्धान अघि बढाइएको छ । यो घटनामा प्रहरीले छोटो समयमा भारतबाट बनेपासम्म लागुऔषधको कारोबार गर्ने समूहलाई छोटो समयमा नै पक्राउ गर्न सफल भएको बताइन्छ ।

यसअघि गत वैशाखमा लागुऔषध प्रयोगकर्ता चार चालकलाई काभ्रेपलाञ्चोकस्थित अरनिको राजमार्गका जाँचका क्रममा प्रहरीले प्रक्राउ गरेको थियो । यस्तै प्रहरीले सुराककै आधारमा गत वर्षको माघमा चिकित्सकको आधिकारिक सिफारिसबिना प्रतिबन्धित औषधि (नसालु पदार्थका रुपमा सेवन गरिने) बिक्री गर्ने पनौती नगरपालिका-२ स्थित एक फार्मेसी सञ्चालकलाई पक्राउ गरेको थियो । साथै उनको फार्मेसीबाट विभिन्न प्रकारका सात हजार एक सय ३८ प्रतिबन्धित लागुऔषध ट्याब्लेट बरामद गरिएको थियो ।

यसअघि प्रहरीले विसं २०७६ फागुन दोस्रो साता पनौती नपा-६ स्थित एक घरमा डेरा गरी बस्ने ३२ वर्षीया महिलाको कोठाबाट लुकाइछिपाइ बिक्री वितरणका लागि दराजमा कपडाले बेरेर राखेको प्रतिबन्धित औषधि ‘नाइट्राभेट-१०’ २७९ ट्याब्लेट बरामद गरेको थियो । प्रहरीले सो घटनामा पनि सुरकाकै आधारमा महिलालाई पक्राउ गरेको जनाएको थियो । काभ्रेलगायत छिमेकी जिल्ला तथा राजधानीका विभिन्न स्थानमा बिक्री हुने प्रतिबन्धित लागुऔषध मध्यपहाडी क्षेत्रअन्तर्गतको राजमार्गबाट तस्करी हुने प्रहरीको रेकर्डबाट देखिन्छ । सुराकको आधारमा मात्रै प्रहरीले जाँच गर्ने र लागुऔषध कारोबारमा संलग्न व्यक्तिलाई पक्राउ गर्ने गरेको घटनाक्रमले देखाएको छ ।

जिल्ला प्रहरी कार्यालय काभ्रेको प्रतिवेदनअनुसार विपी राजमार्ग (धुलिखेल-सिन्धुली-बर्दिवास)बाट अधिकांशरुपमा लागुऔषध ओसार पसार हुने गरेको घटनाक्रमले देखाएको हो । प्रहरीले सुराकीको आधारमा उक्त राजमार्गबाट आउने सवारी जाँच गर्दा दर्जनौं पटक प्रतिबन्धित औषधि बरामद गर्दै ओसारपसार संलग्न व्यक्तिलाई पक्रेर मुद्दासमेत चलाएको पाइएको छ । प्रहरीले ती घटनामा सुराकीको भरमा मात्रै जेकजाँच गरी लागुऔषध बरामद तथा ओसारपसारकर्ता पक्राउ गरी सार्वजनिक गर्ने गर्दछ । उसको तथ्याङ्कअनुसार विशेष गरी ‘टिनएजर्स्’ यसको तस्करी र प्रयोगकर्ताका रुपमा देखिएका छन् । तराई क्षेत्रबाट विपी राजमार्ग हुँदै लागुऔषध तस्करी आउने क्रममा प्रहरीले घटना विवरणअनुसार लागुऔषधको ‘ट्रान्जिट प्वाइन्ट’ काभ्रेपलाञ्चोक बनाएको देखिन्छ ।

प्रहरीको अनुसन्धानबाट अवैध लागुऔषध नाइट्राभेट भने प्रतिचक्की एक हजारदेखि एक हजार पाँचसयसम्ममा बिक्री हुने गरेको खुलेको छ । नाइट्राभेट-१० एक पत्तामा १५ चक्की हुन्छ ।

छिमेकी देश भारतमा निद्रा नलाग्दा प्रयोग गरिने नाइट्राभेट-१० नेपालमा प्रतिबन्धित औषधि हो । काभ्रेपलाञ्चोक प्रहरीको तथ्याङ्कअनुसार बितेको पाँच बर्षमा लागुऔषध ओसारपसारसम्बन्धी ३७ वटा मुद्दामा ७१ जना पक्राउ परेका छन् ।

पछिल्ला घटनाले तराईसँग छोटो दूरीका रुपमा रहेको विपी राजमार्गबाट लागुऔषध भित्रिने गरेको देखिएकाले उक्त राजमार्गमा निगरानी बढाइने जिल्ला प्रहरी प्रमुख प्रहरी उपरीक्षक चक्रराज जोशीले बताउछन् । यसअघि पक्राउ परेकाले भारतका विभिन्न स्थानबाट लागुऔषध संकलन गरी बनेपा र आसपासका सहर तथा काठमाडौँमा बिक्री गर्दै आएको तथा लागुऔषध विशेष गरी युवापुस्ताले प्रयोग गरेको पाइएको अनुसन्धानबाट खुलेको जनाइएको छ । पक्राउ परेकामध्ये पनि अधिकांशले ‘ब्रोकर’ बनेर काम गरिरहेको बयान दिँदै आएका छन् ।

# वैदेशिक रोजगारीलाई थप व्यवस्थित र मर्यादित बनाउँछु: मन्त्री कुँवर



काठमाडौँ, १६ साउन (रासस)/ श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शेरबहादुर कुँवरले वैदेशिक रोजगारीको क्षेत्रलाई थप व्यवस्थित र मर्यादित बनाउने बताएको छ ।

निगरानी दैनिक मिडिया प्रालिको आइतबार सम्पन्न प्रथम वार्षिकोत्सव एवं ‘वैदेशिक रोजगारीका क्षेत्रमा देखिएका समस्या समाधानका उपायहरू’ विषयक अन्तर्क्रिया कार्यक्रममा उनले वैदेशिक रोजगारीको क्षेत्रमा थुप्रै समस्या रहेको भन्दै यसको समाधानका लागि सरकार गम्भीर भएर लाग्ने बताएको हो ।

“वैदेशिक रोजगारीको क्षेत्रलाई थप व्यवस्थित र मर्यादित बनाउन सरकारले गैरआवासीय नेपाली संघ (एनआरएनए)सँग सहकार्य गरेर अगाडि बढ्नेछ”, उनले भने । वैदेशिक रोजगारीको क्षेत्रमा भएका विविध समस्या समाधानका लागि गैरआवासीय नेपाली संघले खेलेको भूमिका प्रशंसनीय भएको उनको भनाइ छ ।

मन्त्री कुँवरले सामाजिक सुरक्षा कोष र गैरआवासीय नेपाली संघ (एनआरएनए)बीच भर्खर भएको दुईपक्षीय समझदारी एकदमै महत्वपूर्ण र उपलब्धिमूलक हुनेसमेत बताए । गैरआवासीय नेपाली संघ (एनआरएनए)का अध्यक्ष कुल आचार्यले भर्खरै संसद्बाट पारित भएको नागरिकता विधेयक राष्ट्रको हितका भएको उल्लेख गरे । उनले नागरिकता विधेयकले एनआरएनएमा थप उत्साह थपेको बताए ।

अध्यक्ष आचार्यले विभिन्न देशहरूसँग संवाद गरी विदेशमा काम गर्ने नेपालीले आर्जन गरेको रकमको केही हिस्सा नेपाल सरकार मातहतको सामाजिक सुरक्षा कोषमा कोष कट्टी गर्ने व्यवस्था गर्न सके विदेशमा कार्यरत तमाम नेपाली साथै मुलुकको विकासमा टेवा पुग्ने स्पष्ट पारे । ट्रेकिङ एजेन्सीज् एशोसिएशन अफ नेपाल (टान)का अध्यक्ष खुमबहादुर सुवेदीले नेपालको पर्यटन उद्योगमा रहेका पर्यटन श्रमिकको योगदान उच्च रहेकाले पर्यटन श्रमिकको समस्या समाधानका लागि सरकारले सहयोग गर्न आग्रह गरे । कार्यक्रममा निगरानी दैनिककी अध्यक्ष निर्मला दङ्गाल खनालले निगरानी दैनिकले स्वच्छ, निर्भिक र निष्पक्ष तवरले पत्रकारिता गर्दै आएको बताउँदै आगामी दिनमा पनि सोहीअनुरुप काम गर्ने प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रममा समाजका विभिन्न क्षेत्रमा योगनदान गर्ने व्यक्तिलाई सम्मान गर्नुका साथै सांस्कृतिक कार्यक्रमको समेत आयोजना गरिएको थियो ।

# एकै परिवारका चारजना मृत फेला



काठमाडौँ, १६ साउन (रासस)/ काठमाडौँको तारकेश्वर नगरपालिका-२ काभ्रेस्थलीमा एकै परिवारका चार जना मृत अवस्थामा फेला परेका छन् ।


काभ्रेस्थलीको पदमसालमा घर बनाएर बसेका गोरखा भीमसेन थापा गाउँपालिका-६ का ४१ वर्षीय दिनेश पाण्डे, उनकी श्रीमती ३९ वर्षीय सुनिता, १३ वर्षीय छोरी र ८ वर्षको छोरा मृत फेला परेका हुन् ।

नगरपालिकाका प्रमुख कृष्णहरि महर्जनले घरमुली पाण्डेले परिवारको हत्या गरेर आफूले पनि आत्माहत्या गरेको प्रारम्भिक अनुसन्धानमा खुलेको जानकारी दिए । “बिहान ८ बजे दिनेशकी छोरी विद्यालयमा नआएपछि छिमेकीमार्फत खबर गर्दा घरको झ्यालढोका बन्द रहेकाले प्रहरी र स्थानीय निकायलाई खबर गरेपछि घरमा गएर हेर्दा चारैजना मृत अवस्थामा फेला परेको पायौँ,” उनले भने । काठमाडौँ जिल्ला प्रहरी परिसरका प्रवक्ता तथा प्रहरी उपरीक्षक दिनेशराज मैनालीले घटनास्थलमा प्रहरी टोली र चिकित्सकको टोली पुगेर अनुसन्धान गरिरहेको बताए । उक्त भवनको सबै झ्याल र ढोकाभित्रबाट चुकुल लगाएको अवस्थामा रहेका उनको भनाइ थियो ।

घटनास्थलमा बालाजुस्थित प्रहरी वृत्त, जिल्ला प्रहरी कार्यालय र काठमाडौँ उपत्यका अपराध अनुसन्धानको कार्यालयबाट खटिएका प्रहरीका साथै त्रिभुवन शिक्षण अस्पताल महाराजगञ्जबाट फरेन्सिक डा. गोपाल चौधरी र डा. आयुष उपाध्यायलगायत टोलीले अनुसन्धान गरिरहेको प्रवक्ता मैनालीले बताए ।

घटनाको बारेमा अनुसन्धान टोलीले कानुनी प्रक्रिया सुरु गरिसकेको जनाइएको छ ।

# कोरोनाको उपचारका लागि १७ अस्पताल




काठमाडौँ, १६ साउन (रासस)/ स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोरोना भाइरसको संक्रमण बढ्दै गएपछि सातवटै प्रदेशका अस्पतालमा उपचारको व्यवस्था गरेको छ । मन्त्रालयले सातवटै प्रदेशमा १७ वटा अस्पतालमा उपचारको व्यवस्था मिलाएको छ ।

मन्त्रालयका सहप्रवक्ता डा. समीरकुमार अधिकारीले कोरोना भाइरसको मध्यम र गम्भीर अवस्थाका बिरामीलाई उपचारका लागि सातवटै प्रदेशमा रहेका १७ संघ र प्रादेशिक अस्पतालको व्यवस्था गरिएको जानकारी दिए ।

उनका अनुसार प्रदेश नं १ को कोसी अस्पताल विराटनगर र विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान, मधेस प्रदेशको जनकपुर प्रादेशिक अस्पताल जनकपुर र नारायणी अस्पताल वीरगञ्ज रहेका छन् ।

यस्तै बागमती प्रदेशको शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल टेकु, भरतपुर अस्पताल चितवन, वीर अस्पताल काठमाडौँ, त्रिभुवन विश्वविद्यालय (त्रिवि) अस्पताल र पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान तथा गण्डकी प्रदेशमा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान र धौलागिरि अस्पताल बागलुङ रहेका छन् ।

यस्तै लुम्बिनी प्रदेशको लुम्बिनी प्रादेशिक अस्पताल बुटवल र भेरी अस्पताल नेपालगञ्ज, कर्णाली प्रदेशमा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्ला र सुर्खेत प्रादेशिक अस्पताल वीरेन्द्रनगर तथा सुदूरपश्चिम प्रदेशमा सेती प्रादेशिक अस्पताल धनगढी र डडेल्धुरा अस्पताल रहेका छन् । रजनी गोले भन्ने रजनी राईको भारतीय आधार कार्डमा ३७७९५६५०३५६६ नं लेखिएको छ भने भारतीय निर्वाचन आयोग परिचयपत्रमा टिक्युजी २०७६९२५ लेखिएको प्रमाण फेला परेको छ । उक्त परिचयपत्रमा निजको नाम रजनी राई, बुबाको नाम किशोर राई जन्म तारिख १९८९/०३/२४ रहेको छ । त्यसैगरी उनको भारतीय आधार कार्डमा रजनी राई (सिङ्गर) र पति छेडुप सिङ्गरसमेत लेखिएको छ ।

# पहिराले नारायणगढ-मुग्लिन सडक अवरुद्ध



भरतपुर, १६ साउन (रासस)/ पहिराका कारण नारायणगढ-मुग्लिन सडक अवरुद्ध भएको छ ।

जिल्ला प्रहरी कार्यालय चितवनका अनुसार सो सडकखण्ड अन्तर्गत भरतपुर महानगरपालिका-२९ घुमाउने नजिकै लेदोसहितको पहिरो खस्दा सडक दुईतर्फी अवरुद्ध भएको हो । अहिले पहिरो पन्छाउने काम भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब निरीक्षक रविन विष्टले जानकारी दिए । गए रातिदेखि लगातार पानी परिरहेको छ ।

# नागरिक उड्डयन प्राधिकरणको आम्दानी बढ्यो




काठमाडौं, १६ साउन (रासस)/ नेपाल नागरिक उड्डयन प्राधिकरणले आर्थिक वर्ष २०७८/७९ मा १६.६७ प्रतिशतले आम्दानी बढाएको छ । प्राधिकरणले विमानस्थल शुल्कको आम्दानीमा वृद्धि गर्दै उक्त वर्ष सात अर्ब ४४ करोड ७१ लाख आम्दानी गरेको हो ।

प्राधिकरणका प्रवक्ता जगन्नाथ निरौलाले अघिल्लो वर्ष प्राधिकरणले विमानस्थल शुल्कवापतको ल्याण्डिङ पार्किङ, नेभिगेशन, भाडा आदिबाट आम्दानी गर्न सफल भएको जानकारी दिए । उनका अनुसार प्राधिकरणले गत वर्ष छ अर्ब ६८ करोड २९ लाख आम्दानी प्रक्षेपण गरेकामा सात अर्ब ४४ करोड ७१ लाख आम्दानी भएको छ ।

प्राधिकरणले अघिल्लो आर्थिक वर्ष जम्मा ४३ अर्ब ६७ करोड ७७ लाख बजेट विनियोजन गरेकामा २१ अर्ब ३२ करोड एक लाख खर्च भएको जनाएको छ । यसमध्ये वित्तिय व्यवस्थापनमा सात अर्ब ५३ करोड ३८ लाख विनियोजन गरिएकोमा चार अर्ब ६९ करोड ७४ लाख खर्च भएको छ । कार्यालय सञ्चालनतर्फ चार अर्ब १० करोड ८१ लाख विनियोजन भएकोमा तीन अर्ब २६ करोड २७ लाख खर्च भएको छ । प्राधिकरणले समग्रमा गएको आवमा वित्तिय ४८.८१ प्रतिशत प्रगति गरेको छ ।

प्राधिकरणले सार्वजनिक गरेको आव २०७९/८० को बजेट तथा कार्यक्रममा विमानस्थल पूर्वाधार विकास, विमानस्थल सञ्चालन, प्राधिकरणको संस्थागत सुधार, उड्डयन तथा हवाइ सुरक्षा सुदृढीकरण, मानव संशाधन विकास र गैरउडान आय वृद्धिलाई प्राथमिकता दिएको छ ।

प्राधिकरणले चालु आव २०७९/८० का लागि ४१ अर्ब ८५ करोड ९२ लाख बजेट विनियोजन गरेको छ । अघिल्लो आव ४३ अर्ब ६७ करोड ७७ लाख बजेट विनियोजन भएको थियो । पर्यटन पुनरुत्थानका लागि प्राधिकरणले चालु आवभित्र गरिने कामको सुरुवात गरिसकेको जनाएको छ । त्यसका लागि नीतिगत सुधार, पूर्वाधार विकास, दक्ष जनशक्ति उत्पादन र उच्चतम प्रविधिको उपयोग गर्दै सेवालाई सुदृढीकरण बनाइनुका साथै आन्तरिक तथा अन्तराष्ट्रिय विमानस्थलको प्रभावकारी सञ्चालन व्यवस्थापन तथा सौन्दर्यकरणलगायत कार्य गरिने प्राधिकरणको बजेट तथा कार्यक्रममा उल्लेख छ ।

# नक्कली नागरिकता प्रकरण: छानबिन सुरु

वीरगञ्ज, १६ साउन (रासस)/ नक्कली कागजपत्र तयार गरेर बाराको पर्सास्थित इलाका प्रशासन कार्यालयबाट एक भारतीय महिलाले नागरिकता प्राप्त गरेको घटना बाहिर आएपछि सोको छानबिन थालिएको छ ।

वडा कार्यालयको सिफारिसमा इलाका प्रशासन कार्यालय सिमराबाट भारतको दार्जिलिङ्गी निवासी २१ वर्षीय राजनी राईले गत साउन ३१ गते बाराको निजगढ नगरपालिका-१२ रामथली बसोबास देखाइ रजनी गोले नामबाट ३३/०२/०७९/००५१३ नंको नागरिकता लिएको देखिएको छ ।

सो घटनाबारे छानबिन थालिएको छ । उक्त नागरिकता बदर गर्ने प्रक्रिया अघि बढाइने र सो कार्यमा संलग्न दोषीलाई नियमानुसार कारबाही प्रक्रिया अघि बढाइने इलाका प्रशासन कार्यालय सिमराका प्रमुख मोहनप्रसाद अर्यालले जानकारी दिए । राईको जन्म मिति २०५८/११/१५ गते दर्ता रहेको वडा कार्यालयको रेकर्डबाट देखिएको छ । यो जन्मदर्ता २०७९/०२/२३ गते वडा कार्यालयबाट बनाइएको हो । कीर्ते जालसाजी गरी अभिभावकमा बुबाको नाम श्यामराज गोले र आमाको नाम जीरामाया गोले बनाएर नेपाली नागरिकता लिएको पाइएको छ ।

झुटो विवरण पेस गरेर भारतीय नागरिक राईलाई नेपाली नागरिकता लिएको घटना खुलेपछि निजगढ-१२ कार्यालयले सो नागरिकता बदरका लागि प्रक्रिया अघि बढाउन इलाका प्रशासन कार्यालय सिमरामा पत्राचार गरिसकेको छ ।

# कार्यगत एकता

काठमाडौँ, १६ साउन (रासस)/ यातायात क्षेत्रमा देखिएको समस्या समाधान गर्नेबारे यातायात व्यवसायीबीच कार्यगत एकता हुने भएको छ ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ र नेपाल ट्रक यातायात व्यवसायी महासंघका पदाधिकारीबीच आइतबार बसेको बैठकले यातायात क्षेत्रको समस्या समाधानका लागि कार्यगत एकता गर्ने निर्णय गरेको हो ।

दुई महासंघबीच विसं २०७२ मा गठन भएको ‘यातायात व्यवसायी महासंघ समन्वय समिति नेपाल’को दुवै महासंघका नयाँ पदाधिकारी चयनभएसँगै पहिलोपटक बैठक बसेर कार्यगत एकता गर्ने निर्णय गरेको समितिका संयोजक एवं नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका अध्यक्ष विजयबहादुर स्वाँरले जानकारी दिए ।

पछिल्लो समय भारतीय मालवाहक ट्रकले सामान आयात गर्दा नेपाली ट्रक व्यवसायी मर्कामा परेका छन् भने सरकारले तोकेको भाडासमेत लिन सकेका छैनन् । यस्तै, सार्वजनिक यातायात क्षेत्रमा पनि थुप्रै समस्या रहेको भन्दै दुवै महासंघभित्रका समस्या समाधानका लागि एकताबद्ध भएर अगाडि बढ्ने बैठकले निर्णय गरेको हो ।

बैठकमा नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका अध्यक्ष स्वाँर, निवर्तमान अध्यक्ष योगेन्द्रनाथ कर्माचार्य, वरिष्ठ उपाध्यक्ष ऐनकुमार शाही, महासचिव डेकनाथ गौतम, नेपाल ट्रक व्यवसायी राष्ट्रिय महासंघका अध्यक्ष हीरालाल श्रेष्ठ, निवर्तमान अध्यक्ष राजेन्द्रकुमार श्रेष्ठ, वरिष्ठ उपाध्यक्ष लोकराज पोखरेल, महासचिव राजेन्द्रविक्रम बाँनियालगायतको उपस्थिति रहेको थियो ।

# कला परिषद्मा कलाकृति प्रदर्शनी सुरु

ललितपुर, १६ साउन (रासस)/ काठमाडौँ विश्वविद्यालय स्कुल अफ आर्टअन्तर्गतको कला र डिजाइन विभागले आजदेखि बबर महलस्थित कलापरिषद्मा छ दिने कलाकृति प्रदर्शनी सुरु गरेको छ । ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जन र काठमाडौँ विश्वविद्यालयका उपकुलपति प्राडा. भोला थापाले आज संयुक्तरूपमा उक्त प्रदर्शनीको उद्घाटन गरे ।

कार्यक्रममा प्रमुख महर्जनले ललितपुर महानगरपालिका कलाका क्षेत्रमा प्राचीन र प्रसिद्ध सहरका रूपमा रहेको बताए ।

सो प्रदर्शनीमा कपडा तथा माटा एवं काठबाट बनेका वस्तु देखाइनाका साथै चित्रकला समेतलाई उजागर गरिएको महर्जनले सुनाए । उपकुलपति थापाले सो कलाकृति प्रदर्शनीले विद्यार्थीमा कला तथा चित्र कोर्ने काममा थप प्रेरणा प्रदान गर्ने विश्वास लिएको बताए । उक्त प्रदर्शनीमा २८ बालबालिकाका कृतिलाई उपस्थित महानुभावसमक्ष देखाइएको थियो ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

**मोटरसाइकल हरायो**

निम्न व्यहोराको मोटरसाइकल २०७९ साल साउन ८ गते हेटौंडा-४ सितलमहल चोकस्थित आय कम्प्लेक्स अगाडी पार्किङ्ग गरिरहेको अवस्थाबाट बिहान अन्दाजी १२:३८ बजे हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न फोन नम्बरमा खबर गरिदिनु हुन अनुरोध गरिन्छ ।

**मोटरसाइकल नम्बर:** बा प्र-०३-००५ प ३७७४
**मोटरसाइकल धनीको नाम:** बवि लामा
**मोटसाइकलको ब्राण्ड (नाम):** पल्सर, २२० सीसी
**मोटरसाइकलको रंग:** कालो
**मोटरसाइकल बनेको वर्ष:** सन् २०२१
**चेचिस नम्बर:** MD2A13EXOMCF91828
**इन्जिन नम्बर:** DKXCMF17064
**सम्पर्क फोन नम्बर:** ९८६४६७१८५३

**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

# एक वर्षमा सवारी दुर्घटनामा परी ७० जनाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, १६ साउन/ मकवानपुरमा एक वर्षमा सवारी दुर्घटनामा परि ७० जनाको मृत्यु भएको छ ।

गत आर्थिक वर्ष २०७८/०७९ को एक वर्षमा मकवानपुरमा भएको सवारी दुर्घटनामा परि ७० जनाको मृत्यु भएको हो । दुर्घटनामा परि ज्यान गुमाउनेमा ६३ पुरुष, ४ महिला, एक बालक र एक बालिका रहेका छन् । जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरको अनुसार दुर्घटनामा परि ज्यानगुमाउनेको संख्या सबैभन्दा बढी गत जेठमा रहेको छ भने भदौमा सबैभन्दा कम रहेको छ ।

गत जेठमा भएको ३४ वटा दुर्घटनामा १३ जनाले ज्यान गुमाएको कार्यालयले जनाइको छ भने भदौमा भएको १५ दुर्घटना परि २ जनाको मृत्यु भएको थियो । त्यसै गरी गत साउनमा २५ वटा दुर्घटनामा परेर ४ जनाको मृत्यु भएको थियो भने असोजमा ३० वटा दुर्घटनामा ५ जनाले ज्यान गुमाएका थिए ।

त्यसै गरी कार्तिकमा भएको ३० दुर्घटनामा ११ जना, मङ्सिरमा १९ वटा दुर्घटनामा ३ जना, पुसमा २२ वटा दुर्घटनामा ४, माघमा २८ वटा दुर्घटनामा ७जना, फागुनमा ४१ वटा दुर्घटनामा ४ जना, चैतमा २२ वटा दुर्घटनामा ६ जना, वैशाखमा २५ वटा दुर्घटनामा ६ जना र असारमा २६ वटा दुर्घटनामा ५ जनाको मृत्यु भएको कार्यालयले जनाएको छ ।

मकवानपुरको हटौँडा भएर जाने मुलुकको मुख्यपूर्व-पशिचम राजमार्ग, त्रिभुवन राजपथ, मदन-भण्डारी राजमार्ग र हेटौँडा-काठमाडौँ मार्ग जोडिएका सडकहरूमा बढी मात्रामा सवारीहरू दुर्घटना भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरका प्रमुख प्रहरी निरीक्षक मुनेन्द्र थापाले बताए ।

उनले वर्षायाम र चाडपर्वको समयमा बढी सवारी दुर्घटना हुने गरेको बताए ।


## मकवानपुर बहुमुखी क्याम्पसमा
## कक्षा ११ मा भर्ना खुल्यो

समुदायको व्यवस्थापनमा सञ्चालित उत्कृष्ट शैक्षिक गन्तव्य गुणस्तरीय क्याम्पसको रुपमा प्रमाणित मकवानपुर बहुमुखी क्याम्पसमा कक्षा ११ मा भर्ना खुल्यो । यथाशिघ्र भर्ना भई उपयुक्त विषयको अध्ययन गरी सुन्दर भविष्य निर्माणमा अग्रसर हुन सम्पूर्ण विद्यार्थीमा अनुरोध गरिन्छ । फारम वितरण भइरहेको छ । कक्षा सञ्चालन भदौ ५ गते आइतबारदेखि हुने जानकारी गराइन्छ ।

**बिहानी समूह**: व्यवस्थापन, मानविकी, शिक्षाशास्त्र
**दिवा समूह**: विज्ञान, व्यवस्थापन



**विज्ञान संकायको प्रवेश परीक्षा साउन २४ गते दिनको १ बजे हुनेछ ।**

**मकवानपुर बहुमुखी क्याम्पस**
हेटौंडा-२, मकवानपुर
०५७-५२०६२०



साझाकुरा
राष्ट्रिय दैनिक
खोजिखोजि पढौं ।


# इन्द्रेणीका रंगहरु पुस्तक विमोचन



साझाकुरा संवाददाता

हेटौंडा, १६ साउन/ नवोदय साहित्यक बगैंचा बाल क्लबले प्रकाशन गरेको इन्द्रेणीका रंगहरु पुस्तक विमोचन गरिएको छ ।

समृद्धि देवको ईन्द्रेणीका रंगहरु नामक कविता संग्रह पुस्तक सोमबार एक कार्यक्रमबीच हेटौंडा-४, स्थित हेटौंडा स्कूल अफ म्यानेजमेन्टका प्रचार्य पुरनबहादुर जोशीले विमोचन गरेका हुन् । कविता संग्रहमा २३ वटा कविता समावेश गरिएको छ । कविता संग्रहको भाषा सम्पादन सिएम रिमालले गरेका छन् ।

इन्द्रेणीका रंगहरु कविता संग्रहमा नारीको वेदना, नेपालको सुन्दरता र नेपालीको अपेक्षाहरुबारे वर्णन गरिएको छ । म्यानेजमेन्टका विद्यार्थीहरुलाई प्रेरणा होस् भनेर हेटौंडा स्कूल अफ म्यानेजमेन्टको सभाहलमा विद्यार्थीहरुबीच कविता संग्रह विमोचन गरिएको बताइएको छ ।

कविता संग्रह विमोचन गर्दै म्यानेजमेन्टका प्राचार्य पुरन बहादुर जोशीले साहित्य समाजलाई रुपान्तरण गर्ने मञ्च भएको धारणा राखेका छन् । नवोदय शिशु सदनबाट १० कक्षा उत्तीर्ण गरेकी समृद्धि देवले हेटौंडा स्कूल अफ म्यानेजमेन्टबाट कक्षा १२ उतिर्ण गरेकी छन् । नवोदय शिशु सदनपनि जोशी परिवारकै लगानीमा सञ्चालित निजी विद्यालय हो । नवोदयले विद्यार्थीहरुलाई साहित्यसँग जोड्न विविध रचनात्मक कार्यक्रम गर्दै आइरहेको छ ।

# अनेरास्ववियू हेटौंडाद्वारा एसईईमा उत्कृष्ट विद्यार्थीलाई सम्मान

साझाकुरा संवाददाता

हेटौंडा, १६ साउन/ अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन (अनेरास्ववियू)ले एसईई परीक्षामा उत्कृष्ट भएका विद्यार्थीहरुलाई सम्मान गरेको छ । नेकपा (एकीकृत समाजवादी) निकट अनेरास्ववियू हेटौंडाले एसईईमा उतीर्ण हेटौंडा उपमहानगरभित्रका विद्यार्थीहरुको लागि सम्मान प्रदान गरेको हो ।

जिल्लामै सर्वोउत्कृष्ट नतीजा हासिल गरेका विद्यार्थी प्रिन्स बर्तौला (जिपिए-३.९५) र जिल्ला भरीको सामुदायिक विद्यालयका विद्यार्थीमध्ये उत्कृष्ट नतिजा हासिल गरेका ऋषि यादव (जिपिए-३.९) लाई पनि सम्मान गरिएको हो ।

सोमबार अनेरास्ववियू हेटौंडा उपमहानगरपालिका कमिटीले आयोजना गरेको कार्यक्रममा २०७८ को एसईई परिक्षामा उत्कृष्ट नतिजा हासिल गरेका नगर भरीका विद्यार्थीहरुलाई नगर प्रमुख मिनाकुमारी लामाले सम्मान गरेकी हुन् ।

# थाहाका विद्यालयलाई स्काउटको आधारभूत तालिम



साझाकुरा संवाददाता

हेटौंडा, १५ साउन/ जिल्लाको उत्तरी क्षेत्रस्थित थाहा नगरपालिकाको आधारभूत र माध्यविक विद्यालयहरुलाई स्काउटको आधारभूत तालिम दिइएको छ ।

नेपाल स्काउटको थाहा नगरपालिका स्थानीय समितिले ६ दिने आधारभूत तालिम सोमबारदेखि सुरु गरेको हो । थाहा-१, स्थित झम्केश्वरी माविमा भएको तालिममा नगरपालिकाभित्र रहेका आधारभूत र माध्यमिक तहको पठनपाठन हुने सबै विद्यालयको सहभागिता छ ।

तालिममा थाहाका १९ वटा सामुदायिक र ६ वटा संस्थागत विद्यालयका शिक्षकहरु, स्थानीय स्काउट समिति र समुदायबाट गरी ६४ जनाको सहभागिता रहेको स्थानीय स्काउट कार्यालय थाहा नगरपालिकाका संयोजक गणेशमान श्रेष्ठले जानकारी दिए । अशोक सारु मगर र सुमित्रा लामाले प्रशिक्षण दिएका छन् । तालिममा पुरुषतर्फका कोर्शलिडर प्रमोद सिग्देल र महिला तर्फका कोर्शलिडर मुना तामाङ लामाले समूहको नेतृत्व गरिरहेका छन् । यसअघि आधारभूत तालिम लिइसकेका ८ जना काउन्सिलरहरु पनि सहजीकरणमा खटिएको श्रेष्ठले बताए । तालिमका लागि १२ जनाको स्काउट टिमले भोजन, आवास तथा अन्य व्यवस्थापनमा सहयोग गरिरहेको छ । थाहा नगरपालिका र मातहतका शाखाहरु, स्थानीय संघसंस्था, निजी क्षेत्र र व्यक्तिहरुबाट सहयोग जुटाएर तालिम सञ्चालन गरिएको हो ।

तालिमका लागि अहिलेसम्म नगरपालिकाको विपद व्यवस्थापन शाखाबाट चामल र तेल, शिक्षा शाखाबाट ७ हजार बराबरको स्टेशनरी सामग्री, स्वास्थ्य शाखाबाट प्राथमिक उपचार सामग्री र स्वास्थ्यकर्मी, पालुङ बहुउद्धेश्यीय सहकारी संस्थाबाट डायरी, कलम र क्लियर ब्याग सहयोग प्राप्त भएको संयोजक श्रेष्ठले बताए ।

गीताराम केसी, नरेन्द्र अधिकारी, दिपेन्द्र विष्ट, हरि विष्ट, सुदिप अधिकारी, विनोद ढकाल, मधुकर कार्कीसहितको समूहबाट १ सय केस मिनिरल वाटर प्राप्त भएको पनि उनले जनाए । स्थानीयहरुले आलु, प्याजदेखि साबुनसम्म सहयोग गरेका छन् । कतिपयले तालिम सञ्चालनका लागि नगदपनि सहयोग गरेका छन् । तालिम समापन कार्यक्रममा थाहा नगरपालिकाका उपप्रमुख भरत गोपालीलाई स्काउटबाट दिक्षित गर्ने कार्यक्रमसमेत रहेको आयोजकले जनाएको छ ।


## भर्ना खुल्यो ! भर्ना खुल्यो !!
## H.A कार्यक्रम

**फारम बुझाने अन्तिम मिति**:
२०७९ साउन २६ गते बिहीबार बेलुका ४:३० बजे सम्म
**प्रवेश परीक्षा मिति**: २०७९ भाद्र ०४ गते विहान ११ बजे

फारम शुल्क रू १५००/-

**आवश्यक न्यूनतम शैक्षिक योग्यता**:
मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका (SLC/SEE) परीक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषयमा न्यूनतम 'C' ग्रेड प्राप्त गरी समग्र Grade Point Average (GPA) न्यूनतम २ प्राप्त गरेको हुनुपर्नेछ ।

**नोट**:
सामुदायिक, विद्यालय अध्ययन गरेको एकल महिला, दलित, आदिबासी/जनजाती मुस्लिम, मधेसी, पिछडिएको दुर्गम वर्गमा पर्ने विद्यार्थीहरुले सोको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

**मकवानपुर टेक्निकल इन्ष्टिच्युट**
हेटौंडा-५, भैरवरोड, सम्पर्क: ०५७-५२१८५२, ९८४५०२९८१०



## हार्दिक बधाई तथा शुभकामना



श्री अरुण राज सुमार्गी

यस विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष **श्री अरुण राज सुमार्गी** ज्यू संयुक्त राष्ट्र संघ अन्तर्गतको आर्थिक तथा सामाजिक परिषदको अन्तर-सरकारी पर्यवेक्षक संस्था Autonomous Intergovernmental Institution for the use of Micro–algae Spirulina Against Malnutrition (IIMSAM) को **विशिष्ठ अवैतनिक सल्लाहकार**मा नियुक्त हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

**रमेश रिमाल**
प्रमुख कार्यकारी अधिकृत
एवम्
**हेटौंडा एकेडेमी परिवार**
हेटौंडा-११, मकवानपुर



**प्रोपाईटर**: बिनोद शाही ☎ ९८४५०२२५३१, ९८१७२२४३६२

## विक्की फ्रेस मिट शप

हेटौंडा-२, चौकीटोल

हामीकहाँ लोकल तथा ब्रोइलर कुखुराको मासु, खसीको मासु, बंगुरको मासु, राँगाको मासु पाउनुको साथै जीउँदो माछा पनि पाईन्छ ।



## हार्दिक श्रद्धाञ्जली



स्व. सुभद्रा पौडेल

हाम्री प्रात: स्मरणीय ममतामयी आमा **सुभद्रा पौडेल**को मिति २०७९/०४/०६ गते ९८ बर्षको उमेरमा अकल्पनीय दु:खद् निधन भएको आज १२ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । हामीलाई प्रत्यक्ष भेटेर, मोबाइल फोनमार्फत र विभिन्न सामाजिक सञ्जालमार्फत हामीप्रति समवेदना र सहानुभूति प्रकट गर्नु हुने सम्पूर्ण बन्धुबान्धव, आफन्तजन तथा सुभेच्छुक मित्रहरूमा हार्दिक कृतज्ञता व्यक्त गर्दै आमाको बैकुण्ठ गमन सुखपूर्ण होस् भनि भगवानसँग प्रार्थना गर्दछौं ।

**छोरा तथा बुहारीहरु**
श्रीमती आशा पौडेल
सरद पौडेल/भवानी पौडेल
आनन्दराम पौडेल/तारा पौडेल

**छोरीहरु**
जानुका घिमिरे
शान्ति भट्टराई

एवम् **सम्पूर्ण पौडेल परिवार**


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना